नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute
(नेपाल सरकारको विशेषज्ञ समूह)


प.सं. :-
च.नं. :-

मिति :- २०८३/०४/१५

## सूची दर्ता सम्बन्धमा

यस प्रतिष्ठानका लागि आ. व. २०८३/८४ मा आवश्यक पर्ने तपसिलमा उल्लिखित खरिद कार्यहरू तथा सेवा प्राप्त गर्नका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को प्रयोजनार्थ मौजुदा सूची (Standing List) तयार गर्नुपर्ने भएकाले उक्त कार्य गर्न ईच्छुक इजाजत प्राप्त फर्म, कम्पनी, सप्लायर्स तथा परामर्शदाताले यथासम्भव चाँडै नियमावलीको अनुसूची २(क) को ढाँचामा रीतपूर्वकको निवेदन यस कार्यालयको ठेगाना (नीति अनुसन्धान प्रतिष्ठान, नारायणहिटी, काठमाडौं, प्रशासन शाखा) मा पेश गर्नु गराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### सूचीकरण माग गरिएका सेवाहरू

**क. सामान खरिद, उपकरण, मर्मत तथा आपूर्ति कार्य**

१) स्टेशनरी सामानहरू (मसलन्द),
२) छपाई सम्बन्धी सम्पूर्ण कार्यहरू,
३) पत्रपत्रिका तथा पुस्तक खरिद (आपूर्ति) सम्बन्धी कार्यहरू,
४) फर्निचर तथा फिक्चर्स सम्वन्धी कार्य,
५) सवारी साधन मर्मत सम्बन्धी कार्य,
६) कुरियर सेवा,
७) ट्राभल सेवा,
८) रङरोगन सम्वन्धी कार्य,
९) पलम्बर/पलम्विङ कार्य,
१०) इलेक्ट्रोनिक उपकरणहरू (कम्प्युटर, ल्यापटप,सी. सी. क्यामेरा, प्रिन्टर, टोनर, आदि आपूर्ति तथा मर्मत लगायतका सम्पूर्ण कार्यहरू)।
११) अन्य वस्तु तथा सेवा।

**ख. सेवा तथा परामर्श कार्य**

१. इन्टरनेट, सफ्टवेयर इत्यादि सेवा सम्वन्धी कार्यहरू।

### दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू

१. फर्म दर्ता प्रमाणपत्रको छाँया प्रति,
२. गत आ. व. को कर चुक्ता प्रमाणपत्रको छाँया प्रति,
३. मु. अ. क. (VAT) दर्ता प्रमाणपत्रको छाँया प्रति,
४. कालो सूचीमा नपरेको स्व-घोषणा पत्र,
५. अनुभव सहितको फर्म प्रोफाइल,
६. इजाजतपत्र आवश्यक पर्ने सेवाको हकमा सम्बन्धित निकायको इजाजतपत्रको छाँया प्रति।

उल्लिखित कागजातहरू स्व-प्रमाणित गरेको हुनु पर्नेछ। साथै, माथि उल्लिखित वस्तु तथा सेवाका लागि निवेदन दिंदा प्रत्येकको विषयगत रूपमा छुट्टाछुट्टै दरखास्त दर्ता गराउनु पर्नेछ। रीत नपुगी आएको दरखास्तलाई मान्यता दिइने छैन। प्राप्त दरखास्त स्वीकृत गर्ने नगर्ने अधिकार प्रतिष्ठानमा निहित हुनेछ।

२०८३/०४/१५

(कृष्ण प्रसाद वि.क.)
सह-प्रवन्धक